स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म 'घरज्वाइँ'को छायांकन सकिएको छ । गत फागुन ५ गते रुकुम पूर्वको लुगुम गाउँबाट सुरु भएको छायांकन एक महिनामा 'प्याकअप' भएको हो । छायांकन सकिएपछि रुकुमका स्थानीयहरुले फिल्मको टिमलाई फूलमालाले विदाई गरेका छन् । निर्माण टिमले उपलब्ध गराएको तस्वीरमा दयाहाङले कपाल मण्डन गरेको देखिन्छ । यसैले उनले क्यापटोपी लगाएका छन् ।

**आजको विचार...**



विहारको...
(दुई पेजमा)

हिरा विश्वकर्मा

फिल्ममा डेब्यूका लागि मोडल नीति शाहले ठूलै संघर्ष गर्नुपर्‍यो । फिल्म 'खजुरे ब्रो'बाट डेब्यू गरेकी उनले त्यसपछि निर्देशक सविर श्रेष्ठको फिल्म 'रुखान' सम्झौता गरिन् । उनले निर्देशक दीवाकर भट्टराईको नयाँ फिल्म 'राजा'मा पनि काम गर्न लागेको जानकारी प्राप्त छ । फिल्मसँगै ब्रान्ड बजारमा पनि उनको माग उच्च छ । सन् २०१७ मा मिस नेपाल इन्टरनेसनलको उपाधि जितेपछि उनी दर्जनौं ब्रान्ड प्रवर्द्धनमा जोडिसकेकी छन् । यसैबीच, नीति 'ब्राडफोड ग्लोबल तथा एप्लाई ग्लोबल' कन्सल्टेन्सीको 'ब्रान्ड एम्बेसडर' बनेकी छिन् ।



❑ वर्ष २९ ❑ अंक २३० ❑ २०८० चैत ६ गते मंगलबार 19 March 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### दाङमा जिप पल्टिँदा एकको मृत्यु

**देउखुरी (दाङ),** चैत ५/पश्चिम दाङमा सोमबार यात्रुवाहक जीप पल्टिँदा घाइते भएकामध्ये एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बबई गाउँपालिका-१ निवासी ४५ वर्षका जितबहादुर बुढा रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता जनकबहादुर मल्लले जानकारी दिए । बुढाको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारका क्रममा मृत्यु भएको हो ।

त्यसैगरी जीप चालक बबई-१ निवासी ४७ वर्षका लोकबहादुर रानालाई थप उपचारका लागि नेपालगञ्ज पठाइएको छ । पश्चिम दाङको गँगटेबाट तुलसीपुरका लागि छुटेको लु १ज १४२७ नंको जीप भाडाबारी नजिकै उकालोमा टायरमा ढुङ्गा लगाएर रोक्ने क्रममा पछाडी आएर पल्टिँदा सात जना घाइते भएका थिए । अन्य घाइते हुनेमा बबई-१ निवासी ५० वर्षका जोगबहादुर बुढा, १७ वर्षकी तारा सारु मगर, ३२ वर्षका संगीता बुढा, ४० वर्षका बन्दना बुढा र सल्यानको शारदा नगरपालिका-९ निवासी ५० वर्षकी नन्दकली थापा छन् । घाइतेको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइरहेको प्रहरीले जनाएको छ । *-रासस*

## सकियो सडकको स्तरोन्नतीको काम

# ४८ दिनपछि तानसेन–रानीमहल सडक सञ्चालनमा

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत ५/पाल्पाको प्रमुख पर्यटकीय स्थल तानसेन-रानीमहल सडक स्तरोन्नति काम सकिएको छ । यहाँको सडक खाल्डाखुल्डी भएका कारण पर्यटकहरुले सास्ती खेप्नु परिरहेको अवस्थामा सडक पूर्वाधार विकास कार्यालय पाल्पाले स्तरोन्नतिको काम अगाडि बढाएको थियो । उक्त काम डेढ महिनापछि सकिएको हो ।

सडक मर्मतका लागि ४८ दिनसम्म सडक बन्द गरी काम भएको थियो । उक्त काम सकिएपछि सोमबारदेखि सडक नियमित रुपमा सञ्चालनमा आएको छ । माघ १७ गतेदेखि सडक बन्द गरेर स्तरोन्नतीको काम गरिएको थियो । अवलदेखि रानीमहलसम्मको सडक जोखिमयुक्त रहेकाले बाह्रै महिना सहज रुपमा यातायातका साधन चल्ने गरी स्तरोन्नतीको काम गरिएको सडक पूर्वाधार विकास कार्यालय पाल्पाका प्रमुख बासुदेव भण्डारीले बताए । उनले भने 'मर्मतका लागि ४८ दिनसम्म बन्द गरिएको सडक सोमबारदेखि सञ्चालनमा ल्याइएको छ ।' सडक सञ्चालनमा आएसँगै सहजै



रानीमहलसम्म पुग्न सकिने उनले विश्वास व्यक्त गरे । उक्त सडक बन्द हुँदा रानीमहल जाने सवारीसाधनहरुले वैकल्पिक मार्ग प्रयोग गर्नु परेको थियो । १५ किलोमिटर दुरीमा पुगिने रानीमहल सडक बन्द भएपछि तानसेन-हार्थोक-अर्गली हुँदै रानीमहल पुग्न ४० किलोमिटर यात्रा तय गर्नुपरेको थियो ।

सडक पूर्वाधार विकास कार्यालय पाल्पाले ठेक्का प्रक्रियामार्फत सडक स्तरोन्नतीको काम गरेको हो । सडक स्तरन्नोतीको कार्य अन्तर्गत ढलान, मेशिनरी वाल, ग्याबिङ वाल लगायतका काम गरिएको छ । ठेक्का सम्झौता अनुसार २०८० चैत ३० मा सम्पन्न गरिसक्नुपर्ने भए पनि फागुन भित्रै सम्पूर्ण काम सकिएको थियो । सडक निर्माणका लागि ग्राहुनकाली कन्स्ट्रक्सन रामपुर पाल्पाले भ्याटसहित ३६ लाख ८४ हजार ९ सय २८ रुपैयाँको लागतमा जिम्मा लिएको थियो । ठेक्का सम्झौता अनुसार साढे ५ मिटर सडक चौडा गर्नुपर्ने उल्लेख भए पनि पूर्वाधार कार्यालयले बजेट थप गरेर सडक मर्मत, ग्यालिङ् जस्ता कामहरु समेत गरेको छ । उसले सडक जोखिमलाई मध्यनजर गरी साढे ५ मिटर चौडालाई बढाएर ५/८० मिटरसम्म पुर्‍याएर काम गरेको हो । हात्तीढुंगा तलको बैकुण्ठे भिरस्थित सडकमा ढलान गरी ५० सेन्टिमिटरमा प्यारासुट निर्माण समेत गरिएको छ । त्यहाँ ग्यालिङ निर्माणको कार्यसँगै पाइपको काम समेत भएको छ । जसले गर्दा सडक बलियो बनेको कार्यालयका प्रमुख भण्डारीले बताए । यहाँ सडक स्तरन्नोती भएसँगै सम्भावित दुर्घटनामा कमी आउने समेत उनले विश्वास व्यक्त गरे । यसअघि वर्षायाममा हिलोको कारण सवारी साधान चल्न नसक्ने र हिउँदमा खाल्डा खुल्डीका कारण रानीमहल पुग्ने पर्यटकहरुले सास्ती खेप्नुको साथै दुर्घटनाको शिकार समेत बन्नु परेको थियो ।

सडक स्तरन्नोतिको काम सकिएकाले सहजरुपमा सवारी साधन गुडेको स्थानीय श्रीधर गैरेले बताए । उनले भने, 'काम सकिएको छ, सडक एक्दमै राम्रो भएको छ, अब सहजै रानीमहल पुग्न सकिन्छ ।' बैंकुण्ठे भिरस्थित सडक अन्तर्गतका ठाउँ-ठाउँमा खाल्डा खुल्डी परे पछि दुर्घटनाहरु समेत बढेको थियो । यहाँ अधिकांस सडकमा खाल्डाखुल्डी हुनुको साथै ढलको व्यवस्था नहुँदा पानीले हिलाम्मे र चिप्लो बन्न पुगेको थियो । बाह्य र आन्तरिक पर्यटक ओहोरदोहोर गर्ने सडकमा खाल्डाखुल्डी र चिप्लोका कारण नै अस्तव्यस्त हुने गर्थो । सडक मर्मतसँगै सवारी आवागमन सहज भएको छ ।

# पूर्वसभामुख महरा पक्राउ



**काठमाडौं,** चैत ५/पूर्वसभामुख तथा माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा पक्राउ परेका छन् । सुन तस्करी प्रकरणको अनुसन्धानका लागि महरालाई कपिलवस्तुबाट प्रहरीले नियन्त्रणमा लिएको हो ।

सोमबार पक्राउ परेका महरालाई ४ दिन हिरासतमा राख्न अनुमति दिइएको छ । काठमाडौं जिल्ला अदालतले थप अनुसन्धान गर्न ४ दिनको म्याद दिएको हो । सरकारी वकिल कार्यालयले ७ दिनको म्याद थप्न माग गरेको थियो । आइतबार मात्र गृहमन्त्री रवि लामिछानेले सुन तस्करी प्रकरणमा मुछिएका सबै जनामाथि अनुसन्धान प्रक्रिया अगाडि बढाउन प्रहरीलाई निर्देशन दिएका थिए । साउन २ मा ब्रेक सुमा लुकाएर ल्याइएको ६१ किलो र २०७९ पुसमा विद्युतीय चुरोट (भेप) मा ल्याइएको ९ किलो सुन तस्करीमा पूर्वसभामुख महरा, छोरा राहुल, पूर्वउपराष्ट्रपतिका छोरा दीपेश पुन र पररराष्ट्रविज्ञ जीवन गुरुङसहितका व्यक्तिहरु मुछिएका थिएए। उनीहरूलाई प्रहरीले उन्मुक्ति दिएको भन्दै सरकारको आलोचना हुँदै आएको थियो ।

महराका छोरा राहुललाई सीआईबीले गत भदौ १३ गते पक्राउ गरेर अनुसन्धान गरिरहेको छ । सुन तस्करीमा संलग्न चिनियाँ गिरोहसँग महरा बाबुछोराको पटक-पटक टेलिफोन संवाद भएको सरकारी अनुसन्धानबाटै पुष्टि भइसकेको छ ।

# चिच्याएर वर मागिने सत्यवती मन्दिरमा थपिए पर्यटन पूर्वाधार

**ढोरपाटन (बागलुङ),** चैत ५/एक दशकअघिसम्म बागलुङको बरेङ गाउँपालिका-३ बाटाकाचौर सादीमा रहेको सत्यवती मन्दिर जीर्ण र अव्यवस्थित थियो । देशका विभिन्न भागबाट भक्तजन आउँदा पूजा गर्न सहज थिएन । भौतिक पूर्वाधार निर्माण भएका थिएनन् । पछिल्लो समय बरेङ गाउँपालिकाले लगानी गर्दै गएपछि व्यवस्थित बनेको छ । धार्मिक महत्व बोकेको यस मन्दिरमा परम्परादेखि नै पूजाआज गर्दै आएको पाइन्छ । यहाँ ठूलो स्वरले चिच्याएर वर माग्ने गरिन्छ । यसरी चिच्याएर वर मागदा मनोकांक्षा पूरा हुने जनविश्वास छ । वर्षौं पहिलेदेखि यस मन्दिरमा भक्तजनको भीड लाग्ने गरे पनि पूर्वाधार अभावमा पूजाआजा गर्न समस्या थियो ।



पाँच वर्षयता बरेङ गाउँपालिकासँगै गण्डकी प्रदेश सरकारले पनि बजेट विनियोजन गरेर पूर्वाधार निर्माणमा जोड दिएको छ । गाउँपालिकाले मन्दिर व्यवस्थापन, खानेपानी, शौचालय, भक्तजन बस्ने भवन, फनपार्क निर्माण गरेको छ भने मन्दिरसम्म आउने सडक बाह्रै महिना सञ्चालन हुने गरी व्यवस्थित बनाएको छ । धान्य पूर्णिमामा यस मन्दिरमा ठूलो मेला लाग्ने गर्छ भने हरेक महिना करिब दुई हजार धार्मिक पर्यटक यहाँ आउने गर्छन् । धार्मिक पर्यटकका लागि महत्वपूर्ण तीर्थस्थल मानिने सत्यवतीमा भौतिक पूर्वाधार निर्माणका लागि गण्डकी प्रदेश पर्यटन मन्त्रालयले चालु आर्थिक वर्षमा १० लाख र बरेङ गाउँपालिकाले १३ लाख बजेट विनियोजन गरेका छन् ।

विनियोजित बजेटबाट पदमार्ग र मन्दिर परिसरमा भवन निर्माण गर्न थालिएको छ । दक्षिण बागलुङको मुख्य धार्मिकस्थल भएको हुँदा यहाँ हालसम्म पालिकाले एक करोड बढी लगानी गरिसकेको बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्माले जानकारी दिए । पहिले मन्दिर परिसर निकै साँघुरो हुँदा भक्तजनले सास्ती खेप्नुपरेको भन्दै अहिले चारैतिर फराकिलो र व्यवस्थित बनाएको उनको भनाइ छ ।

देशभरबाट भक्तजन आउने तर यहाँको सडक अव्यवस्थित हुँदा दुःख पाएकाले अहिले सडकलाई कच्ची भए पनि बाह्रै महिना सञ्चालन हुने बनाएको अध्यक्ष शर्माले बताए । 'यो मन्दिर यस क्षेत्रकै ऐतिहासिक धरोहर हो, पहिले सामान्य मन्दिर थियो, यद्यपि भक्तजनको उपस्थिति भने निकै बाक्लो हुन्थ्यो, पछि हामीहरु निर्वाचित भएर आएपछि अघिल्लो कार्यकालदेखि निरन्तर लगानी गर्दै आएका छौं, भक्तजनलाई लक्ष्य गरी बस्ने भवन, खानेपानी, शौचालयको व्यवस्थापन गर्नुका साथै मन्दिरलाई केही व्यवस्थित गर्यौं', अध्यक्ष शर्माले भने । गण्डकी प्रदेश सरकारले विनियोजन गरेको रकमबाट चालु आर्थिक वर्षमा मन्दिरबाट मैदानसम्मको करिब एक सय १२ मिटर पक्की पदमार्ग निर्माण गरेको निर्माण समितिका अध्यक्ष होमबहादुर श्रीसले बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सामाजिक सेवा दिवसको सार्थकता

'रुपान्तरित परिवर्तनका खातिर साझा भविष्य' भन्ने नाराका साथ आज सामाजिक सेवा दिवस मनाइँदैछ । २०३४ सालमा समाज कल्याण परिषद् स्थापना भएको दिन पारेर यो दिवस मनाउने गरिन्छ । समाज सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माणका कार्यहरुसँग जोडेर समाजका कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई जीवनयापन गर्न सक्षम बनाउन समाज कल्याण परिषद् गठन गरिएको थियो । परिषद् गठन भएको दिनको अवसर पारेर हरेक वर्ष यो दिवस मनाइँदै आइएको छ । यो दिनले सामाजिक सामाज सेवकहरुको कडा परिश्रम र लगनशीलतालाई मान्यता दिन्छ । त्यति मात्र होइन सामाजिक कार्यकर्ताहरू र सामाजिक सेवा क्षेत्रमा रहेका अन्य व्यक्तिहरूका लागि आफ्ना उपलब्धिहरू मनाउने अवसर हो यो । सामाजिक कार्यकर्ताहरुले हाम्रो समुदायमा धेरै भूमिकाहरू खेलेका हुन्छन् । समाज रुपान्तरणका लागि उनीहरुले खेलेको भूमिका बिर्सनु हुँदैन । यद्यपी अझै पनि सामाजिक कार्यलाई अन्य विषयजस्तै स्वीकार्न नसकिएको अवस्था भने विद्यमान छ । यसो हुनु राम्रो होइन । सामाजिक कार्यकर्ताको भूमिकाको सही मूल्यांकन गरिनुपर्छ । आज त्यो मूल्याङ्कन गर्ने दिन पनि हो ।

समाज सेवा देश विकासका लागि एउटा मेरुदण्ड र विशुद्ध सेवामूलक काम हो । तर पछिल्लो समय समाज सेवाको नाममा कही कतै ब्रम्हलुट पनि भएको हामीले समाचार सुनेका छौं । समाजसेवीको नामबाट गलत क्रियाकलाप पनि नभएका हैनन् तर त्यो समाज सेवाको रथ हाक्ने जिम्मा मानिसले लिएका हुन्छन् । समाजसेवा पवित्र कार्य हो भने समाजसेवीको चरित्र तथा दरिद्र मानसिकताबाट समाज सेवामा कालो धब्बा लाग्दछ । जसले गर्दा समाजसेवा गर्ने संस्थाहरु नै बदनाम बन्न पुगेका छन् । यसो हुनु गलत हो । समाजमा निस्वार्थ रुपमा समाज सेवामा लागेका व्यक्तिहरु थुप्रै छन् तर केही बदनीयत भएका व्यक्तिहरुका कारण उनीहरु ओझेलमा पर्नु राम्रो होइन् । निस्वार्थ रुपमा सामाजिक सेवामा समर्पित हुने व्यक्तिहरुको मनोवलाई उच्च बनाइनुपर्छ । त्यसो गर्न सकियो भने मात्र सामाजिक सेवा दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्न पुग्छ ।

## Opinion @ Social Network

सम्बन्धलाई हैसियतको नजरले कहिले पनि नहेर्नुस्
किनकी अक्सर साथ निभाउने गरिब नै हुन्छन्, मन बिनाको धनको कुनै अर्थ हुँदैन।
(सम्झना दंगालको फेसबुक स्टाटसबाट https://www.facebook.com/samjhana.dangal)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विहारको राजनीति बुझाउने महारानी



हिरा विश्वकर्मा

*हाम्रो मधेश प्रदेश पनि नेपालका सात प्रदेशमध्ये सबैभन्दा कम मानव विकास सूचकांक भएको प्रदेश हो । मैले भर्खरै सार्वजनिक भएको ७७ जिल्लाको साक्षरता सूची हेरेको थिएँ त्यसमा ७५, ७६ र ७७ नम्बरको सूचीमा क्रमशः सर्लाही, महोत्तरी र रौतहट छन् भने नेपालको भन्दा पनि कम प्रतिव्यक्ति करिब ८०० डलर भएको विहार छ । मधेशसँग विहारको आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध मात्रै प्रगाढ छैन वर्षौंदेखि रोटी-बेटीको सम्बन्ध छ र नेपालका कैयौं महिला सांसद तथा नेताहरूको माइती अझै पनि विहारमा छ । नेपालले चुच्चे नक्सा जारी गर्दा भारत माइती भएकी सरिता गिरीले त्यसको खुलेर विरोध गरेकी थिइन् । त्यस्तै भारतका अन्य प्रान्तहरूमा विहारीहरूले कति अपमान सहनुपर्दछ जुन अपमान सायद उनीहरूले नेपालमा कहीं पनि सहनुपर्दैन ।*

विहार हाम्रो छिमेकी देशको जोडिएको प्रान्त हो । हाम्रो मधेश प्रदेशका सबै आठ जिल्लाहरू यससँग जोडिएका छन् । विहार भारतका २८ वटा प्रान्तहरूमध्ये सबैभन्दा पिछडिएको र कुशासनयुक्त प्रदेश मानिन्छ । हाम्रो मधेश प्रदेश पनि नेपालका सात प्रदेशमध्ये सबैभन्दा कम मानव विकास सूचकांक भएको प्रदेश हो । मैले भर्खरै सार्वजनिक भएको ७७ जिल्लाको साक्षरता सूची हेरेको थिएँ त्यसमा ७५, ७६ र ७७ नम्बरको सूचीमा क्रमश: सर्लाही, महोत्तरी र रौतहट छन् भने नेपालको भन्दा पनि कम प्रतिव्यक्ति करिब ८०० डलर भएको विहार छ । मधेशसँग विहारको आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्ध मात्रै प्रगाढ छैन वर्षौंदेखि रोटी-बेटीको सम्बन्ध छ र नेपालका कैयौं महिला सांसद तथा नेताहरूको माइती अझै पनि विहारमा छ ।

नेपालले चुच्चे नक्सा जारी गर्दा भारत माइती भएकी सरिता गिरीले त्यसको खुलेर विरोध गरेकी थिइन् । त्यस्तै भारतका अन्य प्रान्तहरूमा विहारीहरूले कति अपमान सहनुपर्दछ जुन अपमान सायद उनीहरूले नेपालमा कहीं पनि सहनुपर्दैन । कुनै समय पश्चिमी पाकिस्तानीहरूले पूर्वी पाकिस्तान अर्थात् हालको बंगलादेशीहरूलाई अपहेलना गरी विहारी भन्दथे । अत: यस्तो विहारसँग जोडिएको हाम्रो भूमि विहार भन्दा कुन मानेमा फरक हुन्थ्यो ? विहारी राजनीति जुन किसिमले विगतदेखि वर्तमानसम्म अगाडि बढेको छ त्यसलाई गहिरोसँग बुझ्ने र बुझाउने मौका दिन्छ हालसालै सोनी लिभमा स्ट्रीमिङ भइरहेको वेबसिरिज महारानीको सिजन-३ ले । सन् २०२१ देखि सुरु भएको यो वेबसिरिज अहिले २०२४ मा आइपुग्दा तेस्रो सिजनमा आइपुगेको छ । यसरी लगातार तेस्रो सिजनसम्म आइपुग्नुले सो सिरिज भारतीय दर्शकमाझ अत्यन्त प्रख्यात मध्येको एक भएर नै भन्नुपर्दछ । यो वेबसिरिज हेर्दा मधेशको राजनीति र समग्र नेपालकै राजनीति पनि यस्तै तरिकाले अगाडि बढेको भान हुन्छ र लाग्छ यो सिरिजले मेरै देशको कथा भनिरहेको छ । जसरी हाम्रो देशका प्राय: सबै राजनैतिक इतिहास हत्या, हिंसा, षड्यन्त्र, धोका र अवसरवादले भरिएको हुन्थ्यो र अहिले पनि छ त्यसको सजिव चित्रण यो सिरिजमा भएको छ । यो सिरिज हेर्दा एकातर्फ लाग्छ शासन सत्ता चलाउन साँच्चिकै कति गाह्रो छ अर्कोतर्फ लाग्छ राजनीति किन यतिविधि घृणित र निन्दनीय हुन्छ, आखिर सत्ता र शक्तिमा के छ भन्ने प्रश्न बराबर उब्जिइरहन्छ । अहिलेसम्म ८ भागका दरले २४ भागमा प्रसारित भएको यो सिरिजले विहारको जातीय, धार्मिक तथा अपराधको पृष्ठभूमिमा कसरी राजनीति अगाडि बढेको हुन्छ र यसको एउटै धन्दा र उद्देश्य भनेको जसरी पनि सत्ता र शक्ति हासिल गर्ने र त्यसको आडमा अथाह सम्पत्ति कमाउने । यही तीनवटा चिजहरू जोगाउन एकअर्का विरुद्ध षडयन्त्र, धोका र हत्यासम्म गर्ने प्रपञ्चहरू नै यो सिरिजका घटना र कथाहरू हुन् । यी सबै कुराहरू राजनीति गर्ने वा त्यसमा लाग्नेहरूका लागि आम हुनसक्छ, तर यसलाई सिनेम्याटिक भाषामा यसरी प्रस्तुत गरिएको छ कि दर्शक शृङ्खला हेर्दा मन्त्रमुग्ध हुन्छ, किनभने अब यसपछि के हुन्छ भन्ने जिज्ञासा सधैं जागिरहेको हुन्छ । यो सिरिजको अर्को रोचक पक्ष के छ भने प्राय: सिनेमा वा सिरिजहरूमा त्यसलाई रोचक वा मनोरञ्जक बनाउन कला स्वतन्त्रता लिइएको हुन्छ वा आम जीवन भन्दा धेरै ठूलो अर्थात् लार्जर द्यान लाइफ देखाइन्छ तर यो सिरिजलाई त्यस्तो बनाइएको छैन सबै घटनाहरू आम जीवनमा भइरहेका वास्तविक लाग्छन् । हो कति दुस्वप्नको सहारामा केही दृश्यहरूलाई अतिरञ्जित जस्तो देखाइएको छ तर त्यो पनि दर्शकलाई अत्यन्त सहज लाग्छ र त्यसलाई प्रतीकात्मक अर्थमा पनि प्रयोग गरिएको छ ।

काँगडा ब्यानरमा निर्मित तथा सुभाष कपुरद्वारा निर्देशित र यसको मुख्य पात्रको रूपमा हुमा कुरेसीले अभिनय गरेको यो सिरिजमा मुख्यतया ५३ जना कलाकारहरू छन् तर आवश्यकता अनुसार अरू पनि जोडिएका छन् तर यति थोरै कलाकारहरूबाट पनि यस्तो भव्य सिरिज बनाउनु भारतीय सिने उद्योगको अब्बल पक्ष मान्नुपर्दछ । यसको कथा सन् ९९ को वरिपरि बुनिएको छ र यो सिरिज हेर्दा विहारका विवादास्पद नेता लालु यादव र उनकी पत्नी रावडी देवीको राजनैतिक जीवन जस्तो लाग्छ र अहिलेका नीतिश कुमार पनि त्यहीं छन् कि जस्तो भान हुन्छ । यसको मुख्य कथामा पिछडा वर्ग (जो विहारको सबैभन्दा ठूलो जनसांख्यिक समूह हो) को प्रतिनिधित्व गर्दै भीमा भारती ( साहुम साह) लालु यादवकै शैलीमा मुख्य मन्त्री भएका हुन्छन् । जसरी चारा घोटालामा लालु यादव जेल परे त्यस्तै भीमा भारतीले पनि त्यस्तै राजनीति गरेर भ्रष्टाचारमा लिप्त हुन्छन्, कतिसम्म भने उनले आफूउपर गोलीसम्म चलाएर राजनीतिलाई आफ्नो पकडमा राख्न चाहन्छन् । जसरी लालुले आफ्नी अनपढ गृहिणीलाई अकस्मात् विहारको मुख्य मन्त्री बनाउँछन् र जो स्त्रीले सफलतापूर्वक घर चलाउँछन् उनीहरूले राज्य पनि चलाउँछन् भन्ने भाष्य निर्माण गर्न खोज्छन् र त्यसको वास्तविक बागडोर आफ्नो हातमा राख्छन् ठीक त्यसैगरी यो सिरिजमा पनि भीमा भारतीले चार कक्षा फेल आफ्नी श्रीमती रानी भारती (हुमा कुरेसी) लाई मुख्यमन्त्री बनाउँछन् र अप्रत्यक्ष शासन गर्न खोज्छन् । तर एउटी गृहिणीमा भएको इमानदारी र केही राम्रो गर्न चाहने भावनाका कारणले गर्दा श्रीमान्को भनाइ मान्न छोडिन्छन् र केही सुशासन तथा विकास दिने कोशिस गर्छिन्, कथा यसैबाट अगाडि बढ्छ । रावडी देवीले लालु यादवलाई जेल पठाउन भूमिका खेलिन् कि अथवा अन्य कारणले उनी जेल परे त्यो अर्को पाटो होला तर सिरिजमा चारा घोटालाको हजारौं करोड हिनामिनामा दोषी ठहर गर्दै आफ्नै श्रीमान्लाई जेल पठाउँछिन् त्यसपछि श्रीमान् र श्रीमतीकै बीचमा द्वन्द्व चल्छ र पार्टी फुटाउने काम हुन्छ । अन्त्यमा चुनाव समेत छुट्टाछुट्टै पार्टीको रूपमा श्रीमान्-श्रीमती लड्छन्, जातीय तथा धार्मिक रुढीवादमा रुमल्लिएको विहारमा स्वच्छ प्रशासनको एजेन्डाले आशातित सफलता प्राप्त गर्दैन र सरकार बनाउन सक्ने बहुमत कसैसँग हुँदैन । यस बीचमा स्वच्छ राजनीतिको वकालत गरेकी रानी भारतीलाई भीमा भारतीले उनलाई सत्तामा पुऱ्याउँदा फेरि जेल परिने सम्भावना हुँदाहुँदै पनि समर्थन दिने कुरा गर्छन् जुन कुरा उनका सहयात्रीहरू जो प्राय: सबै भ्रष्ट, व्यभिचारी तथा षड्यन्त्रकारी हुन्छन् उनीहरूले थाहा पाउँछन् । यदि त्यसो भएमा उनीहरू सबै जेल पर्छन् भन्ने बुझेपछि होलीको पार्टीमा उनलाई षड्यन्त्रपूर्वक मार्छन् र हत्याको आरोप रानीलाई लगाई उनलाई तीन वर्षको लागि जेल पठाउँछन् । यता नविन कुमार (अमित सियाल) जो सवर्ण जातका हुन्छन् र भीमा भारतीका सहपाठी त्यस्तै भ्रष्टहरूको साथ सहयोगमा मुख्यमन्त्री बन्छन् ।

रानी भारती र उनकी सहयोगी (आईएस अफिसर) कावेरी ( कानी कुश्रुति) जो दक्षिण भारतीय लवजमा हिन्दी बोल्छिन् समेत जेलमा हुँदा उनले जेलमा विभिन्न आरोप तथा मजबुरीमा जेलमा सजाय पाइरहेका महिला कैदी बन्दीहरूको छुट्टै सेना बनाउँछिन् र ती भ्रष्ट नेताहरूलाई विभिन्न रूप र बहानामा फसाउँदै लग्छिन् र कतिको हत्या तथा कतिलाई जेल पठाउँछिन् ।अघिल्ला दुई सिजनहरूमा एउटा स्वच्छ राजनीति गरेकी रानीलाई कसरी उनीहरू जस्तै अपराधी र षड्यन्त्रकारी बनाउँछ भन्ने कुरा सिजन-३ का सिरिजहरूमा देखाइएको छ । यो सिरिज हेर्दा कसरी कृष्णले धर्मलाई स्थापित गर्न कौरवहरूले जस्तै नैतिक, अनैतिक सबै काम गर्छन् जब अभिमन्युलाई छलपूर्वक चक्रव्यूहमा मार्छन् भने जस्तै रानी भारतीले पनि हत्या, हिंसा, षडयन्त्रको सहारा लिएर आफ्नो श्रीमान्लाई मारेको बदला लिएको देखाइएको छ । यसमा एउटा द्विविधा रानीमा आएको देखाइन्छ त्यो के भने उनले जुन लडाईं लडेकी छन् त्यो न्यायको लागि हो वा बदलाको लागि । तर उनले यी दुइटा कुरामा फरक देख्दिनन् र पटक-पटक मेरो लागि बदला लिनु नै न्याय पाउनु हो भन्छिन् ।

पछिल्लो सिजन-३ मा उनका राजनैतिक प्रतिद्वन्द्वी तथा शत्रुहरूलाई उनीहरूकै तरिकाले उनीहरूकै शैलीमा परास्त गर्दा कुनै क्राइम थ्रिलर हेरे जस्तो अनुभूति हुन्छ, किनभने हत्या र षड्यन्त्र यस्तो रूपमा गरिन्छ कि कानुनी रूपमा रानी सुरक्षित देखिन्छिन् । यो सिरिज मैले हेरेका अन्य सिरिजहरूमध्ये उत्कृष्ट लागेको छ, मैले आफूले मात्रै उत्कृष्ट देखेको हुँ वा यसको रेटिङ पनि उच्च छ भन्ने जान्नको लागि एउटा सार्वजनिक भएको रेटिङ हेरेको थिएँ त्यसमा १० अंकमा ७.९ दिइएको रहेछ । राजनीतिको अन्तिम उद्देश्य भनेको देश र जनताको हित हुनुपर्छ भन्ने आम मान्यता हो । सुशासन र विकास दिने नायकको रूपमा स्थापित गर्न खोजिएको सिजन-२ ले सिजन-३ मा बदलालाई केन्द्रित गर्दा अलि खल्लो चाहिं लागेको छ तर यसको कथाको अन्त्य हेर्दा सिजन-४ पनि बन्ने जस्तो देखिन्छ । आशा गरौं सिजन-४ ले कालो बादलमा एउटा सशक्त कथा मार्फत चाँदीको घेरा पनि देखाओस् !

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विभिन्न क्षेत्रमा सफलता मिल्नेछ। व्यापारमा राम्रै धनलाभ पनि हुनेछ । | **तुला** : आज महत्वपूर्ण कामको थालनी हुनेछ । लक्ष्मी प्रसन्न हुने योग छ । |
| **वृष** : राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ । | **वृश्चिक** : नयाँ काम सुरु गर्ने समय छ । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** : एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । | **धनु** : मित्रबाट विशेष सहयोग मिल्नेछ। लाभदायक यात्रा पनि होला । |
| **कर्कट** : आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । | **मकर** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। प्रेम सम्बन्ध कसिलो हुनेछ। |
| **सिंह** : रोकिएका अधुरा काम पुन: सुचारु भइ आम्दानी प्राप्त हुनेछ । | **कुम्भ** : घरमा अतिथिको आगमन हुनेछ। संगीतमा रुचि पनि बढ्नेछ । |
| **कन्या** : आज नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । | **मीन** : आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ । |

...ना प्रविधि

# विश्वकै पहिलो एआई सफ्टवेयर




आर्टिफिसियल इन्टेलिजेन्स 'एआई'ले हरेक काममा मानिसलाई प्रतिस्थापन गर्ने चिन्ता बढेको छ । केही दिन अघि भने यसको आगमनले काम गर्ने तरिका मात्रै परिवर्तन हुने पनि भनिएको थियो । तर एआईले दिनहुँ कयौँ काममा मानिसलाई प्रतिस्थापित गरिरहेको छ । हालैका समयमा हामीले शिक्षकदेखि एआई मोडेलसम्म सबैका एआई स्वरुप आइरहेका छन् । अब एआई सफ्टवेयर इन्जिनियर पनि लन्च गरिएको छ । अमेरिकास्थित एप्लाइड एआई ल्याब कशिनले विश्वकै पहिलो एआई सफ्टवेयर इन्जिनियर बनाएको दाबी गरेको छ ।

निर्माताहरूका अनुसार एआई एजेन्ड डेभिनले व्यवहारिक इन्जिनियरिङ अन्तरवार्ता पास गरेको बताइएको छ । केही कम्पनीले लिएको वास्तविक अन्तरवार्तामा पनि यो पास भएको बताइएको छ । यसले आँखा झिक्याइसक्दा सफ्टवेयर इन्जिनियरले गर्न सक्ने कोडिङ र मोबाइल एप बनाउने काम भ्याइसक्छन् । डेभिड थाक्दै नथाक्ने, सिपालु एआई इन्जिनियर भएको अनि यसले मानव इञ्जिनयरसँग मिलेर वा एक्लै काम गर्न सक्ने बताइएको छ ।

**के-के छन् डेभिनको विशेषताहरू ?**
डेभिन कोग्निसन ल्याब्सल् बनाएको एआई स्टार्टअप हो । यसले जुनसुकै एप, वेबसाइट बनाउन सक्छ । कुनै साइटमा देखिएका कमी कमजोरी हटाउन सक्छ । यसले अर्को एआई टूल पनि बनाउन सक्छ ।

यति मात्र होइन यसले कुनै एआई टूललाई तालिम पनि दिन सक्छ । डेभिनमा इन्बिल्ट कोड एडिटर छ । यसले एआई इन्जिनियर सफ्टवेयरसँग जोडिएको कुनै पनि जटिल काम गर्न सक्ने बताइएको छ । कम्पनीका अनुसार एन्ड टू एन्ड एन्क्रिप्शनको साथमा डेभिनले जुनसुकै एप बनाउन सक्छ । यस बाहेक अटोमेटिक बगलाई पनि फिक्स गर्न सक्छ । तर डेभिनलाई सर्वसाधारणको प्रयोगका लागि उपलब्ध गराइसकेको छैन । त्यसैले कसैले पनि यसलाई चलाउन वा परीक्षण गर्न सक्दैनन् ।

*-रातोपाटी डटकम*

# इन्स्ट्राग्राम बन्यो विश्वको नम्बर १ एप




विश्वको नम्बर १ एपको सन्दर्भमा, मानिसहरू प्राय : फेसबुक वा टिकटक पहिलो स्थानमा होला भन्ने सोच्छन्, तर त्यस्तो होइन । अब इन्स्टाग्रामले यी दुवै एपलाई उछिनेर पहिलो नम्बरमा पुगेको छ । खासमा, केही देशहरूमा टिकटक प्रतिबन्धित हुँदा इन्स्टाग्रामलाई फाइदा भएको हो । यस बाहेक टिकटक पछि पर्नुमा अन्य केही कारणहरू छन् । सेन्सर टावरको रिपोर्ट अनुसार विश्वमा इन्स्टाग्रामको डाउनलोड २० प्रतिशतले बढेको छ । सन् २०२३ मा इन्स्टाग्राम एप ७६ करोड ७० लाख पटक डाउनलोड भएको थियो, जुन अघिल्लो वर्ष अर्थात २०२२ को तुलनामा २० प्रतिशत बढी हो । टिकटकको बारेमा कुरा गर्दा यो ७३३ करोड पटक डाउनलोड गरिएको थियो ।

> ***यो चिनियाँ एप भारतमा प्रतिबन्धित छ भने अमेरिकामा प्रतिबन्ध लगाउने तयारी भइरहेको छ । इन्स्टाग्रामको लोकप्रियता 2020 बाट बढेको छ किनकि रिल्स यसै वर्ष लन्च गरिएको थियो। मानिसहरूको भिडियोको क्रेज पछि मात्र इन्स्टाग्राम रिल्स लन्च गरिएको हो । इन्स्टाग्राम रिल्स एक सुविधा हो, जसमा प्रयोगकर्ताहरूले छोटो क्लिपहरू सिर्जना गरेर यस प्लेटफर्ममा भिडियोहरू साझेदारी गर्न सक्छन् । इन्स्टाग्रामको रिल्स फिचर युवा पुस्तामा सबैभन्दा लोकप्रिय छ । युवायुवतीले विभिन्न विषयमा भिडियो बनाएर इन्स्टाग्राममा सेयर गर्ने गरेका छन् ।***

यो चिनियाँ एप भारतमा प्रतिबन्धित छ भने अमेरिकामा प्रतिबन्ध लगाउने तयारी भइरहेको छ । इन्स्टाग्रामको लोकप्रियता २०२० बाट बढेको छ किनकि रिल्स यसै वर्ष लन्च गरिएको थियो। मानिसहरूको भिडियोको क्रेज पछि मात्र इन्स्टाग्राम रिल्स लन्च गरिएको हो । इन्स्टाग्राम रिल्स एक सुविधा हो, जसमा प्रयोगकर्ताहरूले छोटो क्लिपहरू सिर्जना गरेर यस प्लेटफर्ममा भिडियोहरू साझेदारी गर्न सक्छन् । इन्स्टाग्रामको रिल्स फिचर युवा पुस्तामा सबैभन्दा लोकप्रिय छ । युवायुवतीले विभिन्न विषयमा भिडियो बनाएर इन्स्टाग्राममा सेयर गर्ने गरेका छन् । यो इन्स्टाग्राम एपको बढ्दो लोकप्रियताको प्रमुख कारण भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । डाउनलोडको मामिलामा इन्स्टाग्राम विश्वको नम्बर १ एप बन्न सक्छ तर समय बिताउने हिसाबले टिकटक अझै अगाडि छ । गत वर्षको तथ्याङ्कले देखाउँछ कि प्रयोगकर्ताहरूले टिकटकमा औसत ९५ मिनेट खर्च गरेका थिए जबकि इन्स्टाग्राममा यो समय ६२ मिनेट थियो । यस बाहेक प्रयोगकर्ताहरूले ट्विटरमा ३० मिनेट र स्न्यापच्याटमा १९ मिनेट बिताएको तथ्यांकले देखाएको छ ।

*-डिसी नेपाल डटकम*

# सामसङ ग्यालेक्सी फिट थ्री नेपाली बजारमा




सामसङ नेपालले नयाँ सटिक फिटनेस ट्र्याकर 'ग्यालेक्सी फिट थ्री' नेपाली बजारमा ल्याएको छ । यसमा अत्याधुनिक स्वास्थ्य-निगरानी प्रविधि रहेको सामसङको दाबी छ । यसले प्रयोगकर्तालाई उत्कृष्ट अनुभव गर्न र स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्छ । 'ग्यालेक्सी फिट थ्री' सामसङको सबैभन्दा नयाँ लगाउन मिल्ने 'वेरेबल' डिभाइस हो र यसमा फराकिलो डिस्प्लेसहितको एल्युमिनियम बडी छ । 'स्वास्थ्यबारे सोच्ने यस आधुनिक युगमा, मानिसहरूले आफ्नो स्वास्थ्यमा थप गहिरो अन्तर्दृष्टि खोज्छन्, र सामसङ उनीहरूको यस प्रयासमा सहयोग गर्न अत्याधुनिक स्वास्थ्य निगरानी उपकरणहरू प्रदान गर्न समर्पित छ,' सामसङ नेपालका एमएक्स बिजनेसका निर्देशक प्रणय रत्न स्थापितले भने ।

'ग्यालेक्सी फिट थ्री'लाई एल्युमिनियम बडी, अमोल्ड स्क्रिन र १.६ इन्चको डिस्प्लेको साथ डिजाइन गरिएको छ । जुन अघिल्लो मोडलको तुलनामा ४५ प्रतिशत फराकिलो छ । जसले प्रयोगकर्ताहरूलाई एकै नजरमा विस्तृत इनसाइट्स जाँच गर्न सजिलो बनाउँछ । स्कील देखिने ग्यालेक्सी फिट थ्री'को तौल हलुका र लगाउन एकदमै आरामदायक छ । यसको ब्याट्री १३ दिन सम्म टिक्ने कम्पनीले जनाएको छ । १०० भन्दा बढी प्रिसेटहरू सेटिङबाट आफ्नो मनपर्ने वाच फेस छनोट गरेर वा ब्याकग्राउन्डको रूपमा आफ्नै फोटोहरू सेट गरेर यसलाई थप स्टाइलिस बनाउन सकिन्छ ।

यसले प्रयोगकर्ताको निद्राको ढाँचाहरू ट्र्याक गर्दछ, घुर्ने पत्ता लगाउने र रगतमा अक्सिजनको स्तरलाई थप विस्तृत मापनहरू प्रदान गर्नको लागि निगरानी गर्ने समेत कम्पनीको उल्लेख गरेको छ । प्रयोगकर्ताहरूले कुनै पनि समयमा १०० प्रकारका व्यायामहरू ट्र्याक गरी व्यायाम रेकर्डहरू सजिलैसँग समीक्षा गर्न सक्छन्, जसले उनीहरूलाई अफ्नो लक्ष्यहरू प्राप्त गर्न उत्प्रेरित रहन प्रोत्साहित गर्दछ । ग्यालेक्सी फिट थ्री'मा फाइभ एटीएम रेटिङ र आईपी ६८ रेट गरिएको पानी र धुलो प्रतिरोध सुविधा छ । यसमा फल डिटेक्सन र इमर्जेन्सी एस ओ एस लगायतका नयाँ सुरक्षा सुविधाहरू थपिएका छन् । 'ग्यालेक्सी फिट थ्री' ग्रे, सिल्भर, पिंक गोल्ड रङहरूमा उपलब्ध छ । फागुन २८ गतेदेखि नेपालभरमा उपलब्ध रहेको कम्पनीले जनाएको छ । यसको मूल्य सात हजार ९९९ रुपैयाँ रहेको छ ।

*-बाह्रखरी डटकम*

# यी हुन् संसारका आकर्षक पुल



प्राचीन होउन् वा आधुनिक, विश्वका कैयन् पुलहरु निकै नै चित्ताकर्षक तथा प्रख्यात छन् । कतिपय पुलहरु लम्बाइका कारणले त कतिपय उचाइँका कारणले अनि केही चाहिँ पुलको ढाँचा, इन्जिनियरिङ् र सौन्दर्यका कारणले गर्दा चर्चित हुन्छन् ।

**१. लांगकावी पुल, मलेसिया :** समुद्र सतहभन्दा करीब ७ सय मिटर उचाइँमा रहेको यो घुमाउरो पुल उष्ण वर्षावनको माथिबाट गएको छ । १ सय २५ मिटर लामो यो पुलबाट निकै मनमोहक दृश्यावलोकन गर्न सकिन्छ ।

**२. क्वेस्वाचका झोलुंगे पुल, पेरु :** वनस्पतीको फाइबरबाट बनेको यो पेरुको एकमात्र पुल हो । यसमा रस्सी तथा बाँधिएको डोरीको प्रयोग गरिएको छ । यो पुल हरेक वर्ष मर्मत गरेर नयाँ डोरीहरु फेरिन्छ । एक पटकमा चार जना मानिसले यो पुल तर्न सक्दछन् ।

**३. रोयल गोर्ज पुल, अमेरिका :** अमेरिकाको कोलोरोडोमा अर्कान्सस नदीमाथि रहेको यो पुलको उचाइँ २ सय ९१ मिटर छ । सन् १९२९ मा बनेको यो पुल सन् २०११ सम्म विश्वकै सबैभन्दा अग्लो पुलको रुपमा थियो । यो निकै रमणीय अवलोकन विन्दुको रुपमा रहेको छ ।

**४. झांगजियाजीको काँचको पुल, चीन :** चीनको झांगजियाजी पर्वतहरुको मुटुमा रहेको यो काँचको पुल ४३० मिटर लामो तथा जमिनको सतहबाट ३ सय मिटर उचाइँमा रहेको छ । हुनान प्रान्त प्रकृति निकुञ्जको यो एक प्रमुख आकर्षणको रुपमा रहेको छ ।

**५. अकाशी स्ट्रेट पुल, जापान :** कोबेलाई अवाजी टापुसँग जोड्ने यो पुलको लम्बार्य ३ हजार ९११ मिटर छ । यो विश्वकै दोश्रो लामो झोलुंगे पुल हो ।

**६. गोल्डेन गेट पुल, अमेरिका :** सन् १९३७ मा निर्माण सम्पन्न भएको यो चर्चित रातो पुल सनफ्रान्सिस्कोको एक प्रतिक नै हो । यो पुललाई आधुनिक वास्तुकलाको सबैभन्दा सुन्दर नमूना मानिन्छ ।

**७. एरोउका पुल, पोर्चुगल :** ५ सय १६ मिटर लामो यो पुल सन् २०२१ म विश्वकै लामो पैदल हिड्ने पुल बनेको थियो । जमिनको सतहभन्दा १ सय ७५ मिटरको उचाइँमा झुण्डिएको यो पुल यसका दुबै छेउँमा रहेका भी आकारका दुई ठूला पिल्लरका कारण पनि चर्चित छ ।

**८. हांगझाउ बे पुल, चीन :** ३५ किलोमिटर लामो यो पुल विश्वका सबैभन्दा लामो सामुद्रिक पुलमध्ये एक हो । सन् २००८ मा ट्राफिकका लागि खुल्ला भएको यो पुलले चीनका दुई ठूला बन्दरगाह सांघाइ र निंग्बोलाई जोड्दछ ।

**९. ब्रुकलिन पुल, अमेरिका :** न्युयोर्कमा रहेको यो पुलले इस्ट नदी वारपार गरेर ब्रुकलिनलाई म्यानहटनसँग जोड्दछ । १८२५ मिटर लामो यो झोलुंगे पुल पूर्वी तटीय महानगरको एक प्रतीककै रुपमा रहेको छ ।

**१०. ओसन्ड पुल, डेनमार्क र स्विडेन :** कूल ७ हजार ८ सय मिटर लामो यो पुलबाट गाडी र रेल दुबै गुड्छन् । यो पुलले डेनमार्कको राजधानी कोपनहेगनलाई स्विडेनको माल्मो सहरसँग जोड्दछ । यो पुलको १ किलोमिटर भाग समुद्रको माथि रहेको छ ।

**११. टिटलिस क्लिफ वाक, स्विजरल्याण्ड :** स्विस आल्पसको सुन्दर दृश्यावलोकन गर्न सकिने यो पुल १ मिटर चौडा र १ सय मिटर लामो छ । सन् २०१४ मा उद्घाटन भएको यो पुल १६४० फिटको भिरमा निर्माण गरिएको छ ।

**१२. रान्डा झोलुंगे पुल, स्विजरल्याण्ड :** सन् २०१७ मा बनेको यो पुल करीब ५ सय मिटर लामो छ । पोर्चुगलको एरोका पुल नबन्नुअघिसम्म यो विश्वकै लामो झोलुंगे पुलको रुपमा थियो ।

**१३. भास्को डि गामा पुल, पोर्चुगल :** १२ किलोमिटर लामो यो पुलले उत्तरी लिस्वनस्थित टागुस सामुद्रिक धाप क्षेत्रलाई पार गर्दछ । सन् १९९८ मा उद्घाटन भएको यो पुलको उद्घाटन भास्को डिगामाले भारत जाने मार्ग पत्ता लगाएको ५ सयौँ वर्षको उपलक्ष्यमा भएको थियो । लिस्वनमा सन् १७५५ मा गएको भूकम्पभन्दा साढे ४ गुणा शक्तिशाली भूकम्पको धक्का धान्नसक्ने गरी यो पुलको डिजाइन गरिएको छ ।

**१४. नेस्सियो पुल, नेदरल्याण्ड :** करीब ८ सय मिटर लामो यो पुल सन् २००६ बाट सञ्चालनमा आएको हो । यसले एम्स्टर्डम-राइने नहरलाई पार गर्दछ । यसमा दुईवटा स्वचालित हातहरु छन् जसबाट हाइड्रोलिक प्रविधि प्रयोग गरी यस पुललाई उठाउन सकिन्छ ।

**१५. मिलाउ भायाडक्ट पुल, फ्रान्स :** दक्षिणी फ्रान्सको टार्न उपत्यकामा रहेको यो पुल विश्वकै अग्लो पुल हो । यसको सबैभनदा अग्लो भाग भुइँबाट ३४० मिटर माथि छ । यो पुल सन् २००४ मा सञ्चालनमा आएको थियो ।

*-अनलाइन खबर डटकम*

# सुन-चाँदीको मूल्य घट्यो, कतिमा हुँदैछ कारोबार ?



**पाल्पा,** चैत ५/स्थानीय बजारमा सुन-चाँदीको मूल्यमा सामान्य हेरफेर भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार छापावाला सुनको मूल्य प्रतितोला पाँच सय रुपैयाले घटेको छ । आइतबार तोलामा ४ सय रुपैयाँ घटेको सुन सोमबार थप ५ सय रुपैयाँ घटेको हो ।

आइतबार प्रतितोला १ लाख २५ हजार रुपैयाँमा सुनको कारोबार भएकोमा सोमबार १ लाख २४ हजार ५ सयमा झरेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ । यस्तै, तेजाबी सुनको मूल्य आइतबार एक लाख २४ हजार चार सय कायम भएकोमा सोमबार भने तोलामा पाँच सयले घटेर एक लाख २३ हजार नौ सय रुपैयाँ कायम भएको छ । उच्च रेकर्ड बनाएपछि सुनको मूल्य क्रमिक रुपमा ओरालो लागेको छ । ७ दिनमा तोलामा १५ सय रुपैयाँले मूल्य घटेको छ ।

गत सोमबार र मंगलबार तोलाको १ लाख २६ हजार रुपैयाँमा कारोबार भई हालसम्मकै उच्च मूल्य रेकर्ड बनेको थियो । त्यसयता मूल्य क्रमिक रुपमा झरेको छ । यस्तै, चाँदीको मूल्य पनि सामान्य घटेको छ । आइतबार प्रतितोला एक हजार तीन सय १२ मा कारोबार भएको चाँदी सोमबार भने प्रतितोला एक हजार तीन सय तीन रुपैयाँ निर्धारण भएको छ ।

# रिडीलाई सुन्दर बजार बनाउन सरसफाई



**रिडी,** चैत ५/गुल्मीको रूरूक्षेत्र गाउँपालिका १ रिडी बजार क्षेत्रको सरसफाई गरिएको छ । रूरूटोल विकास संस्थाले विभिन्न संघ संस्थाहरुको समन्वयमा आफ्नो नियमित कार्य अन्तर्गत बजार क्षेत्रको सरसफाई गरेको हो ।

ईलाका प्रहरी कार्यालय रिडी, स्थानीय व्यवसायी, समाज सेवी, युवा, महिलाहरुले सरसफाई गरेको टोल विकास संस्थाका अध्यक्ष प्रेम भण्डारीले बताए । रिडी बजारलाई जिल्ला भित्रकै सुन्दर, सफा ग्रिनसिटी र स्मार्टसिटी बनाउने उद्देश्यअनुरूप सरसफाइ अभियानको सुरुवात गरिएकोउनले बताए । अध्यक्ष भण्डारीले भने, 'आफ्नो घरआँगन र बजार क्षेत्र सधैं सफा राख्नुपर्छ भनेर बजारवासीहरूलाई हौसला प्रदान गर्नका लागि आफैं सडकमा कुचो र झाडु बोकेर निस्किएका हौं । अहिले विभिन्न खालका रोगहरू डेंगु र स्क्रबटाइफस जस्ता महामारी फैलिइरहेको अवस्थाले त्यसको समेत नियन्त्रण गर्नका लागि सरसफाइ अभियानको सुरुवात गरिएको हो ।' रडी धार्मिक क्षेत्र भएका कारण यसको सरसफाई र पवित्रता कायम गर्दै बढी भन्दा बढी धार्मिक पर्यटकहरुको आगमन र बसाईलाई व्यवस्थित गर्न सरसफाईले महत्वपूर्ण भूमिका खेल्ने स्थानीय युवा अमूल्य श्रेष्ठले बताए । उनले रिडीको पौराणिकतालाई बचाउनका लागि स्थानीयस्तरबाटै सक्रियताको खाँचो रहेको उल्लेख गरे ।

# रेसुङ्गा जेसीजको पहिलो बैंठक : पदाधिकारीहरुको कार्यविभाजन



**पाल्पा,** चैत ५/रेसुङ्गा गुल्मी जेसिज वर्ष २०२४ को पहिलो बोर्ड बैठक तम्घासमा बसेको छ । जेसी पूण्य सुवेदीको नेतृत्वमा नयाँ समितिले पदभार ग्रहण गरेसँगै पहिलो बैंठक बसेको हो ।

सुवेदीको अध्यक्षतामा बसेको बैठकले पदाधिकारीहरुको कार्यविभाजन तोकेको छ । बैठकले विशेषगरी जेसीजले काम गर्ने ४ क्षेत्रको पदाधिकारीहरुलाई कार्य विभाजन गरेको हो । जसमा व्यक्तिगत र अन्तर्राष्ट्रिय कार्यकारिणी उपाध्यक्ष जेसी सुरज पोखरेल, सामुदायिक र व्यावसायिक क्षेत्र कार्यकारिणी उपाध्यक्ष जेसी सञ्जय पन्थी, उपाध्यक्षतर्फ व्यक्तिगत क्षेत्र जेसी फर्सुराम पन्थी, व्यावसायिक क्षेत्र उपाध्यक्ष जेसी दिपक पाण्डे, सामुदायिक क्षेत्र उपाध्यक्ष जेसी राजु कार्की, अन्तर्राष्ट्रिय क्षेत्र उपाध्यक्ष जेसी प्रकाश बुढाथोकीलाई जिम्मेवारी प्रदान गरिएको हो । अध्यक्ष सुवेदीले वर्ष २०२४ का लागि समिति चयन गर्न र शाखालाई आजको अवस्थासम्म ल्याउन सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद समेत दिए । उनले जेसिज वर्ष २०२४ लाई नेतृत्व र व्यक्तित्व विकास गर्ने विभिन्न रचनात्मक कार्यक्रम गरी शाखालाई क्रियाशिल गराइराख्ने प्रतिवद्धता समेत व्यक्त गरे । काका उपाध्यक्ष जेसी सञ्जय पन्थीको स्वागत, काका उपाध्यक्ष जेसी प्रकाश बुढाथोकीको धन्यवाद, महासचिव जेसी शिव भणडारीको सञ्चालनमा बैंठक भएको थियो ।

# चिच्याएर वर मागिने...

...उद्योग तथा पर्यटन कार्यालय बागलुङसँग सम्झौता गरेर मंसिर अन्तिम साता नै पदमार्ग निर्माण गरिसकेको उनको भनाइ छ । भौतिक संरचना थपिएपछि सत्यवती मन्दिरको मुहार नै फेरिएको श्रीस बताउन्छन् । मन्दिर व्यवस्थित भएपछि भक्तजन आगमनमा वृद्धि भएको उनको भनाइ छ । विषेशगरी गैंडाकोट, पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँची, बुटवल, म्याग्दी, काठमाडौं, धनकुटा, नेपालगञ्ज र बागलुङका विभिन्न स्थानलगायतका ठाउँबाट तिर्थयात्री आउने उनले बताए । उनले भने, 'अहिले मन्दिरसँगै यस क्षेत्रमा धेरै सुधार आएको छ, पहिले मन्दिरमा पूजाआज गर्न आउने मान्छे साँघुरो ठाउँ हुँदा लड्ने, लामो लाइन बस्नुपर्ने बाध्यता थियो, तर अहिले ठाउँ फराकिलो, पहिलेजस्तो लाइन बस्नु नपर्ने भएको छ, बाहिरबाट आउने मान्छेले गाउँको अवलोकन गर्ने गर्छन्, बाटोघाटो अप्ठ्यारो थियो, एकपटक आएको मान्छे अर्कोपटक आउँदैनथे, अहिले भने पटक-पटक आएर पूजा गर्ने बढेका छन् ।' *-रासस*

## खेलकुद समाचार

# गुल्मीमा खुला ब्याडमिन्टन हुँदै



**गुल्मी,** चैत ५/गुल्मीमा चैत ९ देखि खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । जिल्ला ब्याडमिण्टन संघ गुल्मीले सदरमुकाम तम्घासमा चैत ९ देखि ११ गतेसम्म राष्ट्रियस्तरको प्रतियोगिता गर्न लागेको हो ।

संघका अध्यक्ष नवराज श्रेष्ठले सोमबार पत्रकार सम्मेलन गरी प्रतियोगिता आयोजना गर्न लागिएको जनाएका छन् । पर्यटन प्रवर्द्धनका लागि रेसुङ्गा नगरपालिकाले सञ्चालन गरेको "जाउँ हिड रेसुङ्गा" भन्ने अभियानलाई सफल बनाउन सहयोग गर्ने उद्देश्यका साथ जिल्लामा पहिलो पटक खुल्ला प्रथम राष्ट्रिय ब्याडमिण्टन प्रतियोगिता सञ्चालन गर्न लागिएको उनले बताए । अध्यक्ष श्रेष्ठका अनुसार प्रतियोगिताअन्तर्गत खुल्ला पुरुष डबल, भेट्रान्स, खुला पुरुष एकल, खुला महिला डबल्स लगायत सात विधाका खेल हुने छन् । खुला पुरुष डबल्सतर्फ पहिलो हुनेले ६० हजार, दास्रो हुनेले ४० हजार र तेस्रो हुनेले २० हजार पुरस्कार प्राप्त गर्ने छन् ।

यस्तै भेट्रान्सतर्फ पहिलो हुनेलाई ४० हजार, दोस्रो हुनेलाई २५ हजार र तेस्रो हुनेलाई १५ हजार पुरस्कार प्रदान गरिने छ । खुला पुरुष एकलतर्फको पहिलो हुने खेलाडीलाई ३५ हजार, दोस्रो हुनेलाई २५ हजार तथा तेस्रो हुनेलाई १५ हजार पुरस्कार प्रदान गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिए । यसैगरी खुला महिला डबल्सतर्फको विजेताले ३५ हजार, दोस्रो हुनेले २० हजार र तेस्रो हुनेले १५ हजार पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगितामा खुला पुरुष डबल्स र खुला पुरुष एकलतर्फ राष्ट्रिय बरियताका २० भन्दा तलका खेलाडी मात्र सहभागी हुन पाउने आयोजकले जनाएको छ । प्रतियोगिताको प्रवर्द्धकका रूपमा राष्ट्रिय खेलकुद परिषद्, प्रदेश खेलकुद परिषद् लुम्बिनी प्रदेश र जिल्ला खेलकुद विकास समिति गुल्मी रहेका छन् । प्रतियोगिताको सम्पूर्ण तयारी पुरा गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए । प्रतियोगिताका लागि करिब २१ लाख ६० हजार खर्च हुने आयोजकले अनुमान गरेको छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से बढ्यो, कारोबार रकम घट्यो



**पाल्पा,** चैत ५/साताको दोस्रो कारोबार दिन सोमबार नेप्से परिसूचक सामान्य अंकले बढेको छ । आइतबार घटेको नेप्से परिसूचक तीन दशमलव २७ अंकले बढेको हो ।

नेप्से बढेसँगै दुई हजार ७३ दशमलव ५३ को बिन्दुमा कायम भएको छ । अघिल्लो कारोबार दिन आइतबार नेप्से १०.६२ अंकले घट्दा ३ अर्ब ३८ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो । नेप्से सामान्य अंकले बढेपनि कारोबार रकम भने आइतबारको तुलनामा घटेको छ । सो अवधिमा तीन सय तीन कम्पनीको ७४ लाख ५९ हजार चार सय २४ कित्ता शेयर ५३ हजार दुई सय ५६ पटक खरिदबिक्री हुँदा दुई अर्ब ८८ करोड ५६ लाख ३७ हजार आठ सय १८ बराबरको कारोबार भएको छ । बैंकिङ समूह शून्य दशमलव ०३, लगानी समूह शून्य दशमलव ४६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ८२ र निर्जीवन बीमा समूह शून्य दशमलव १० प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ३० र वित्त समूह एक दशमलव ०८ प्रतिशतले बढेको छ । गुर्खाज फाईनान्स लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, पिपुल्स पावर लिमिटेड र धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य पाँच दशमलव १५ प्रतिशतले घटेको छ ।

कारोबार रकममा आधारमा गुर्खाज फाईनान्स लिमिटेडको २३ करोड १४ लाख ५८ हजार ७७ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने अपर तामाकोशी हाईड्रोपावर लिमिटेडको छ लाख ४२ हजार पाँच सय ९१ कित्ता शेयर किनबेच भनेको छ । कारोबारमा आएका १ सय ४८ कम्पनीको मूल्य बढ्दा ८६ वटाको घट्यो भने बाँकी ९ वटाको मूल्य भने स्थिर रह्यो ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई